यस प्रणाली अनुसार ह्रास कट्टी गर्दा ह्रास कट्टीको दर एउटै राखिन्छ तर प्रत्येक वर्ष सम्पत्तिको मूल्यमा ह्रास कट्टीको रकम कटाएर बाँकी भएको (Book Value) मा ह्रास कट्टी गरिन्छ ।

**ह्रास कोष विधि (Depreciation Fund Method) :** यस विधिमा प्रतिस्थापन ह्रास कोष तालिका (Sinking Fund Depreciation Table) को आधारमा प्रत्येक वर्ष ह्रास रकम निर्धारण गरी नाफावाट ह्रास कोष खडा गरिन्छ । जव सम्पत्ति काम नलाग्ने हुन्छ त्यस कोषवाट सामान खरिद गरी प्रतिस्थापन गरिन्छ ।

**एन्यूटि ह्रास विधि (Annuity Method) :** सम्पत्ति खरिद गर्न लगाएको लगानीले प्राप्त गर्न सक्ने व्याजलाई पनि सम्पत्तिको घट्दो मूल्यमा जोडी निश्चित प्रतिशतका दरले ह्रास कट्टी गरिन्छ । ठूलो रकम लगानी भएका सम्पत्तिको ह्रास कट्टी गर्न उपयोगी हुन्छ ।

**वर्षहरूको योग संख्या विधि (Sum of the years digit method) :** यो विधिमा सम्पत्तिको आयुको योगमा सम्वन्धित वर्षको अनुपात निकाली त्यसले सम्पत्तिको खुद मूल्य अर्थात् शुरु मूल्यवाट शेष मूल्य घटाइ ह्रास गणना गरिन्छ । यो विधिमा शुरुका वर्षमा सम्पत्तिको ह्रास वढि हुन्छ र पछिका दिनमा कम हुँदै जान्छ । पछिका दिनमा सम्पत्तिको योगदान पनि कम हुने हुनाले ह्रास कमी हुँदै जाने हुदा यो विधि उपर्युक्त मानिन्छ ।

**पूर्नमूल्याङ्कन तरिका (Inventory system of depreciation or Revaluation Method) :** यस प्रकारको ह्रासकती तरिका साना साना वस्तुहरूको छुट्टाछुट्टै मुल्यांङ्कन गर्न असहज हुने स्थितिमा यो तरीकाको अवलम्वन गरिएको हुन्छ । जस्तो जीवित वस्तु, प्राणीहरू र स–साना औजारहरू आदि यस अर्न्तगत गर्नुपर्ने हुन्छ । हरेक वर्षको अन्त्यमा मुल्यांङ्कन गर्ने र शुरुको मूल्यमा घटाई बाँकी रहेको मूल्य लाई ह्रासकट्टीको रुपमा लिनुपर्ने हुन्छ ।

**समूह ह्रास कट्टी तरिका (Group Depreciation Method) :** उस्तै प्रकार एवं आयु हुने मेशिनलाई विभिन्न समुहमा विभाजन गरी प्रत्येक समुह पिच्छेलाई एकैदरमा ह्रास कट्टी गर्ने प्रकृयालाई समुह ह्रास कट्टी तरिका भनिन्छ । नेपालको आयकर ऐन, २०५८ ले समेत यही पद्धति अवलम्वन गरेको पाईन्छ ।

**दोहोरो घट्दो तरिका (Double Declining Balance Method) :** यस तरिकामा निश्चित किस्ता पद्धतिले हिसाव गर्दा आउने ह्रास कट्टी दरलाई २ ले गुणा गर्ने अर्थात दोव्वर दरले ह्रास कट्टी दर प्रयोग गर्ने तरिकालाई जनाउँछ । यस्तो अवस्था खासगरी कर प्रयोजनको लागि गरिन्छ ।

Question Bank Nepal

## (४) बैंक तथा वित्तीय संस्थाहरुको पूँजी एवं पूँजीकोष (Capital & Capital Fund of banks & Financial Institutions)

**चुक्ता पूँजी सम्बन्धी व्यवस्था**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०६३ ले गरेअनुसार 'क' वर्गमा वाणिज्य बैंक, 'ख' वर्गमा विकास बैंक, 'ग' वर्गमा वित्त कम्पनी र 'घ' वर्गमा लघुवित्त विकास बैंक तथा वित्तीय संस्थाहरु सञ्चालनमा रहेका छन्। कानूनत यी संस्थाहरुलाई नेपाल राष्ट्र बैंकले इजाजतपत्र प्रदान गर्दछ। यी बैंक तथा वित्तीय संस्थाहरु स्थापनाका लागि नेपाल राष्ट्र बैंकले निम्नानुसार न्यूनतम चुक्ता पूँजी जुटाउनु पर्ने व्यवस्था गरेको छ। जस अनुसार:

१) राष्ट्रिय स्तरमा स्थापना हुने 'क' वर्गको लागि रु. ८ अर्ब, 'ख' वर्गको लागि रु. २ अर्ब ५० करोड, 'ग' वर्गको लागि रु. १ अर्ब २० करोड तथा 'घ' वर्गको लागि रु. ५० करोड।

२) ४ देखि १० जिल्ला कार्यक्षेत्र राखेर खोलिने 'ख' र 'ग' वर्गको बैंक तथा वित्तीय संस्थाको लागि रु. ८० करोड र १ देखि ३ जिल्ला कार्यक्षेत्र हुनेको हकमा रु. ४० करोड।

३) ४ देखि १० जिल्ला कार्यक्षेत्र राखेर खोलिने 'ग' वर्गको बैंक तथा वित्तीय संस्थाको लागि रु. २० करोड (लिजिङ्ग कारोवार गर्नेको हकमा रु. ३० करोड), र १ देखि ३ जिल्ला कार्यक्षेत्र हुनेको हकमा रु. १० करोड।

४) क्षेत्रीय स्तरको कार्यक्षेत्र राखेर स्थापना हुने 'घ' वर्गको संस्थाको लागि रु. ६ करोड, ४ देखि १० जिल्ला कार्यक्षेत्र राखेर स्थापना हुनेको लागि रु. २ करोड र १ देखि ३ जिल्ला कार्यक्षेत्र राखेर स्थापना हुनेको लागि रु. १ करोड।

बैंक तथा वित्तीय संस्था खोल्दा लगानी गर्ने संस्थापक समूहले कम्तीमा ५१ प्रतिशत शेयर लगानी गर्नुपर्ने, कूल चुक्ता पूँजीको कम्तीमा ३० र बढीमा ४९ प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री वितरणको लागि छुट्याउनु पर्ने तथा यसरी छुट्याइएको शेयरमध्ये ५ प्रतिशतसम्म शेयर बैंक तथा वित्तीय संस्थाले आफ्ना कर्मचारीका लागि छुट्याउनु पर्ने अनिवार्य व्यवस्था गरिएको छ।

**पूँजीकोष**

पूँजीकोष भन्नाले प्राथमिक पूँजी र पूरक पूँजीको योगलाई बुझ्नु पर्छ। नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त संस्थाले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा देहाय वमोजिम न्यूनतम पूँजीकोषको अनुपात कायम गर्नु पर्ने व्यवस्था छ।

Question Bank Nepal

| संस्था | जोखिम भारित सम्पत्तिको आधारमा कायम राख्नु पर्ने न्यूनतम पूँजीकोष (प्रतिशत) | |
|---|---|---|
| | प्राथमिक पूँजी | पूँजीकोष |
| "क" वर्ग | ६.० | १०.० |
| "ख" र "ग" वर्ग | ५.५ | ११.० |

**प्राथमिक पूँजी**

प्राथमिक पूँजी अन्तर्गत चुक्ता पूँजी (साधारण शेयर), प्रस्तावित बोनस शेयर, शेयर प्रिमियम, फिर्ता नहुने अग्राधिकार शेयर (Irredeemable Preference Share), साधारण जगेडा कोष, सञ्चित नाफा/नोक्सान, पूँजी फिर्ता जगेडा कोष (Capital Redemption Reserve), पूँजी समायोजन कोष, कल्स इन एड्भान्स र अन्य स्वतन्त्र कोष पर्दछन् । यस प्रकारले प्राथमिक पूँजी गणना गर्दा देहायका शीर्षकहरुमा रहेको रकम घटाउनु पर्ने व्यवस्था गरिएको छ ।

(१) ख्याति (Goodwill),

(२) नेपाल राष्ट्र बैंकले तोकेको सीमाभन्दा बढी हुने गरी संगठित संस्थाको शेयर तथा सुरक्षणपत्रहरुमा लगानी गरेको रकम,

(३) आफ्नो वित्तीय स्वार्थ भएका संगठित संस्थाहरुको शेयर तथा सुरक्षणपत्रमा गरेको सम्पूर्ण लगानी रकम,

(४) अवास्तविक सम्पत्ति (Fictitious assets): (यस प्रयोजनको लागि अनुसन्धान, विकास तथा कम्प्यूटर सफ्टवेयर बाहेकका अन्य अवास्तविक खर्च)

(५) प्रचलित ऐन तथा कानुनले प्रतिबन्ध गरेका व्यक्ति तथा समूहलाई प्रदान गरेको कर्जा तथा सुविधा ।

(६) नेपाल राष्ट्र बैंकको निर्देशन पालना नगरी स्व:प्रयोजनका लागि घरजग्गा खरिद गरेको रकम ।

(७) संस्था आफैले सीमाभन्दा बढी आवास भवन निर्माण तथा जग्गा विकासमा लगानी गरेको रकम । (यो बुँदा 'घ' वर्गका हकमा लागू हुँदैन ।)

(८) तोकिएको समयभित्र बिक्री वितरण गर्न नसकेको शेयर प्रत्याभूति । (यो बुँदा 'घ' वर्गका हकमा लागू हुँदैन ।)

**पूरक पूँजी**

प्राथमिक पूँजीभन्दा बढी समावेश गर्न नपाइने गरी पूरक पूँजीमा निम्न शीर्षकहरु अन्तर्गत रहेका रकमहरु समावेश गर्नु पर्ने व्यवस्था रहेको छ :

Question Bank Nepal

**(क) सामान्य कर्जा नोक्सानी व्यवस्था**

यस शीर्षक अन्तरगत असल कर्जाको निमित्त व्यवस्था गरिएको रकम मात्र समावेश गर्नु पर्ने र असल सहित अन्य कर्जाका लागि नेपाल राष्ट्र बैंकबाट तोकिएको अनुपातभन्दा बढी कर्जा नोक्सानी व्यवस्था गरेको खण्डमा त्यस्तो अतिरिक्त कर्जा नोक्सानी व्यवस्था गरेको पूरै रकम र पुनरसंरचना र पुनरतालिकीकरण गरेका कर्जाहरुमा थप गरेको कर्जा नोक्सानी व्यवस्था रकमलाई अतिरिक्त कर्जा नोक्सानी व्यवस्थामा समावेश गर्न सकिने व्यवस्था छ। तर, उपरोक्त शीर्षकहरुमा रहेको कुल रकम बैंकको कुल जोखिम भारित सम्पत्तिको १.२५ प्रतिशत भन्दा बढी हुने गरी पूरक पूँजीमा समावेश गर्न पाइदैन ।

**(ख) सम्पत्ति पूनर्मूल्याङ्कन कोष**

पूरक पूँजी गणना गर्दा सम्पत्ति पूनर्मूल्याङ्कन कोष वापतको रकम समेत समावेश गरी निस्किएको कुल पूरक पूँजीको २ प्रतिशतसम्म गणना गर्न पाइने छ र यस कोषमा रहेको रकम वा कुल पूरक पूँजीको २ प्रतिशतमध्ये जुन कम हुन्छ सोही रकम मात्र समावेश गर्नु पर्दछ। यसरी सम्पत्ति पूनर्मूल्याङ्कन कोषको रकम समावेश गर्दा सम्बन्धित इजाजतपत्रप्राप्त संस्थाले सो सम्बन्धमा स्पष्ट नीतिगत व्यवस्था गरी सञ्चालक समितिबाट निर्णय गराएरमात्र त्यस्तो कोष खडा गर्न सक्दछन् ।

**(ग) हाइब्रिड पूँजी उपकरणहरु (Hybrid Capital Instruments)**

यस शीर्षक अन्तर्गत विना सुरक्षण, पूर्ण चुक्ता हुने, भुक्तानी दिने प्राथमिकता क्रममा निक्षेपकर्ता र साहुहरुभन्दा पछाडि मात्र भुक्तानी पाउन सक्ने तथा घाटामा समेत सहभागी हुने वा साधारण पूँजीमा परिणत गर्न सक्ने वा नसक्ने गरी जारी गरेका सुरक्षणपत्रहरु पर्दछन् । यस अतिरिक्त नेपाल राष्ट्र बैंकले स्वीकृति दिएमा बाहेक धारकले आफ्नो इच्छा अनुरुप भुक्तानी प्राप्त गर्न नसक्ने गरी जारी गरेका उपकरणहरु समेत पर्दछन् ।

**(घ) सुरक्षण नराखिएको सहायक आवधिक ऋण (Subordinated Term Debt)**

पाँच वर्षभन्दा बढी भुक्तानी अवधि भएको, निक्षेपकर्ताहरुभन्दा पछाडि मात्र भुक्तानी पाउने गरी कुनै पनि सुरक्षण नराखी जारी गरेको ऋणपत्रहरु र सीमित भुक्तानी अवधि भएका/अवधि तोकिएका फिर्ता हुन सक्ने अग्राधिकार शेयरहरु यस अन्तर्गत समावेश गरिन्छ। यी उपकरणहरुको घट्दो मूल्यलाई जनाउन इजाजतपत्रप्राप्त संस्थाले यस्ता उपकरणहरुको मूल्यमा पछिल्लो पाँच वर्षदेखि बीस प्रतिशतले घटाउदै लैजानु पर्दछ। कुनै बैंक तथा वित्तीय संस्थाले लामो अवधिपछि वा विभिन्न चरणहरुमा साधारण शेयरमा परिणत हुने वा तोकिएका शर्तहरु पूरा गरेर मात्र फिर्ता हुने शर्तमा यस्तो उपकरण



Question Bank Nepal

जारी गरेको अवस्थामा साधारण शेयरमा परिणत भएको रकम चुक्ता पूँजीमा र शेयरमा परिणत नभएको रकम यस अन्तरगत राखी पूरक पूँजीमा गणना गर्न पाउँछन् । तर, यस्ता उपकरणहरु जारी गर्दा आफ्नो प्राथमिक पूँजीको पचास प्रतिशतभन्दा बढी रकम उठाउन सकिन्न । कुनै एक इजाजतपत्रप्राप्त संस्थाले जारी गरेको हाइब्रिड पूँजी उपकरणहरु (Hybrid Capital Instrument) अन्य इजाजतपत्रप्राप्त संस्थाले धारण (खरिद) गर्न हुन्न ।

(ङ) **सटही समीकरण कोष:** विदेशी विनिमयको कारोवार गर्ने इजाजतपत्रप्राप्त संस्थाले कायम गरेको सटही समीकरण कोषको रकम पूरक पूँजी प्रयोजनका लागि गणना गर्न पाइन्छ । (यो बुँदा 'घ' वर्गको कार्य क्षेत्रमा पर्दैन् ।)

(च) **लगानी समायोजन कोष:** नेपाल राष्ट्र बैंकको निर्देशन नं. ८ अन्तर्गत खडा भएको लगानी समायोजन कोषको रकम पूरक पूँजी बापत गणना गर्न सकिने व्यवस्था छ ।

## कुल जोखिम भारित सम्पत्ति

पूँजीकोष गणना गर्ने प्रयोजनको लागि कुल जोखिम भारित सम्पत्तिलाई वासलातभित्रको जोखिम भारित सम्पत्ति, वासलातबाहिरको जोखिम भारित कारोबार र सञ्चालन जोखिम वापतको जोखिम भारित रकम गरी तीन वर्गमा विभाजन गरिएको छ । 'ख' 'ग' र 'घ' वर्गको बैंक तथा वित्तीय संस्थाका वासलात भित्रका सम्पत्ति तथा वासलातवाहिरका कारोबारहरुमा जोखिम भार गणना गर्न तोकिएका विभिन्न सम्पत्तिलाई विभिन्न शिर्षकमा विभाजन गरी ती ती शीर्षकका सम्पत्तिलाई छुट्टाछुट्टै जोखिम भार (प्रतिशत) प्रदान गरिएको छ जस अनुसार वासलातमा देखिएको सम्पत्तिको रकमलाई भार दिइएको प्रतिशतले गुणना गरी कुल जोखिम भारित सम्पत्तिको योग निकालिन्छ ।

पूँजीकोष अनुपात निर्धारण निम्न सूत्र अनुसार गरिन्छ

(क) $\text{प्राथमिक पूँजी अनुपात} = \dfrac{\text{प्राथमिक पूँजी}}{\text{जोखिम भारित सम्पत्तिको योग}} \times 100$

(ख) $\text{पूँजीकोष अनुपात} = \dfrac{\text{प्राथमिक पूँजी + पूरक पूँजी}}{\text{जोखिम भारित सम्पत्तिको योग}} \times 100$

(ग) जोखिम भारित सम्पत्तिको योग = वासलातभित्रका कुल जोखिम भारित सम्पत्ति + वासलात बाहिरका कुल जोखिम भारित कारोबार + सञ्चालन जोखिमका लागि जोखिम भारित रकम (यो बुँदा 'सञ्चालन जोखिमका लागि जोखिम भारित रकम' 'घ' वर्गको जोखिम भारित सम्पत्तिको योग गर्दा समावेश गर्नु पर्दैन ।)

नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको Internal Capital Adequacy Assessment Process (ICAAP) Guidelines अनुसार 'क' वर्गका इजाजतपत्रप्राप्त संस्था वा वाणिज्य बैंकले पहिचान गरेका जोखिमका अतिरिक्त बैंक अनुसारको अन्तरनिहित अन्य जोखिमहरु समेत पहिचान गरी सो अनुरुपको पूँजीकोष कायम गर्नु पर्दछ ।



Question Bank Nepal

## (५) बैकिङ्ग कारोवारमा निहीत जोखिमहरु

सम्भाव्य अवरोध, जसले हानी नोक्सानी पु-याउन सक्छ, लाई सामान्य अर्थमा जोखिम भनिन्छ । संभावना (Probability) र अनिश्चय (Uncertainty) जोखिमरुपी सिक्काका दुई पाटा हुन् । शत प्रतिशत निश्चित र शत प्रतिशत अनिश्चित परिघटना जोखिमको विषयवस्तु हुन सक्दैन । यसले शून्यभन्दा माथि र एकभन्दा तल चलखेल गर्दछ । अनिश्चय र जोखिम आफैंमा खराब हुँदैन, यसले अवसर पनि सँगै लिएर आएको हुन्छ । जोखिम र प्रतिफलबीच सोझो सम्बन्ध हुन्छ । व्यक्ति, संस्था वा कम्पनीले गर्ने नाफा वा प्रतिफल जोखिम बहन गरे बापतको पुरस्कार हो । जोखिम आंकलन, मापन, व्यवस्थापन र नियन्त्रण गर्न सकिने हुनु पर्दछ । जोखिम लिने व्यक्ति जोखिमको बारेमा जानकार हुनु पर्दछ । कुनै पनि उद्योग, व्यवसाय सञ्चालन गर्न र त्यसबाट अत्युत्तम प्रतिफल हासिल गर्न जोखिम बहन गर्न सक्ने क्षमता चाहिन्छ । मानिसका व्यक्तिगत, सामाजिक, सांस्कृतिक, धार्मिक, आर्थिक एवम् व्यावसायिक लगायत हरेक कृयाकलापहरू जोखिम मुक्त छैनन्, त्यसैले उसका हरेक व्यवहार जोखिमबाटै निर्देशित हुन्छन् । भनिन्छ, "The bigest risk in life is to take no risk at all" तर अन्धाधुन्ध बहन गरिएको जोखिम घांतक हुन्छ । जोखिमलाई पहिचान गर्ने, मापन गर्ने, उपयुक्त ढंगले व्यवस्थापन गर्ने व्यक्ति नै सफल भएको पाइन्छ ।

**बैंकिङ व्यवसायमा जोखिमको वर्गीकरण**

बैकले कर्जा प्रवाह गर्नको लागि निक्षेप स्वीकार गर्दछ । वित्तीय मध्यस्थताको काम गर्ने बैंकहरू जोखिम भित्रै अवसरको खोजी गरिरहेका हुन्छन् । ५ प्रतिशतभन्दा तल आफ्नो र ९५ प्रतिशतभन्दा माथि अरुको पैसाबाट सञ्चालन गरिने व्यवसाय भएकोले बैंकका हरेक मौद्रिक एवम् गैह्र मौद्रिक कारोवार तथा कृयाकलापमा जोखिम अन्तरनिहित हुन्छन् । Banking is a business built on risk भन्ने कथनबाट समेत बैंकिङ र जोखिम सँगसँगै रहन्छन् भन्ने स्पष्ट हुन्छ ।

बैंकमा हुने जोखिमलाई विभिन्न कोणबाट वर्गीकरण, व्याख्या र विश्लेषण गरिएको छ । कसैले जोखिमलाई प्रणालीगत (Systmic Risk) र अप्रणालीगत (Unsystemic Risk) गरी दुई भागमा वर्गीकृत गरेका छन् । अर्थव्यवस्थामा भएको उतार चढाव, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारले निम्त्याएका खराबीहरू, सरकारी नीतिको प्रभाव, करको संरचना र नीति, व्याज़दरमा आएको उतार चढाव, विश्वव्यापीकरण र आर्थिक उदारीकरण नीतिको प्रभाव जस्ता काबु बाहिरको परिस्थितिले सृजना गर्ने जोखिमहरू प्रणालीगत जोखिम हुन् भने विशेष प्रकारका जोखिम जुन फर्म, कम्पनी तथा उद्योग विशेषसँग सम्बन्धित हुन्छन्, जसलाई आफ्नै प्रयत्नबाट समाधान गर्न सकिन्छ, तीय अप्रणालीगत जोखिम हुन् ।

Question Bank Nepal

जोखिमलाई कर्जा सम्बन्धी जोखिम, व्याजदर जोखिम, विदेशी विनिमय जोखिम, तरलता जोखिम, मूल्य सम्बन्धी जोखिम, अधिकेन्द्रित जोखिम, देशगत जोखिम, कानुनी जोखिम, सुरक्षा सम्बन्धी जोखिम आदिमा समेत वर्गीकरण गरेको पाइन्छ । कतै जोखिमलाई Credit Risk र Non Credit Risk त कतै Financial र Non financial Risk गरी दुई भागमा बाँडिएको पनि पाइन्छ ।

The Bank for International Settlement (BIS) ले बैंकिङ क्षेत्रमा अन्तरनिहित जोखिमहरूलाई समूहीकृत गरी चार प्रकारका हुने कुरा स्पष्ट गरेको छ । ती चारवटा जोखिम र तिनका विषेशताहरू यस प्रकार छन्:

**कर्जा सम्बन्धी जोखिम (Credit Risk)**

बैंकबाट प्रवाह भएका कर्जा विभिन्न कारणले असुल हुन नसक्ने अवस्था अर्थात् बैंकका ग्राहकले आफ्नो असक्षमता (Inability) वा अनिक्षा (Unwillingness) का कारण बैंक प्रतिको आफ्नो प्रतिवद्धता पुरा गर्न नसकी बैंकलाई हुन सक्ने हानीलाई कर्जा सम्बन्धी जोखिम भनिन्छ । कर्जा सम्बन्धी जोखिमलाई Counterparty Risk र Portfolio Risk गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

**कर्जा सम्बन्धी जोखिमका श्रोत:**

१. कर्जा लगानी : तोकिएको समयावधिमा साँवा तथा व्याज असुल नहुनु,
२. वासलात बाहिरको कारोबार: उपयुक्त समयमा रकम प्राप्त नहुनु वा शर्त भंग हुनु,
३. ट्रेजरी : सम्झौता अनुसार रकम प्राप्त नहुनु,
४. धितो वा धितोपत्र Realize नहुनु,
५. बैंकका अन्य दावीहरू ।

**कारणहरू:**

१. देशको अर्थ व्यवस्था,
२. सरकारी नीति
३. ठूलो मात्रामा हुने वस्तु तथा सेवा, शेयरको मूल्य, विदेशी विनिमय र व्याजदरमा हुने परिवर्तन,
४. कर्जा नीतिमा भएको कमजोरी
५. कमजोर कर्जा प्रशासन
६. अधिकेन्द्रित कर्जा सीमा नहुनु
७. सीमा बिहीन कर्जा लगानी
८. ऋणीका वित्तीय अवस्थाको पर्याप्त विश्लेषण नहुनु
९. सुरक्षणमा भएको अधिक निर्भरता
१०. जोखिम मूल्य पर्याप्त नहुनु

Question Bank Nepal

११. कर्जा जोखिम पूनरावलोकन संयन्त्र नहुनु आदि ।

**विशेषताहरू:**

१. ऋणीहरूको कार्यकुशलतामा भएको कमजोरीबाट श्रृजना हुन्छ ।
२. यस्तो जोखिमलाई विविधिकरण तथा Transfer गर्न सकिन्छ तर पूर्णतया हटाउन भने सकिँदैन ।
३. सजिलै हस्तान्तरण गर्न सकिँदैन । सम्भावित नोक्सानीलाई उपयुक्त ढंगले अनुमान गर्न सकिँदैन ।
४. यो बैंकिङ क्षेत्रको सबैभन्दा पुरानो र व्यापक क्षेत्र ओगटने जोखिम हो, यसले बैंकिङ क्षेत्रको कूल जोखिमको ७० प्रतिशत भन्दा बढी हिस्सा ओगटेको पाइएको छ ।

## २. बजार सम्बन्धी जोखिम (Market Risk)

बजारमा व्याजदर, विदेशी मुद्राको विनिमय दर, धितोपत्रहरूको मूल्य र वस्तुको मूल्यमा आएको परिवर्तनले बैंकको आम्दानी तथा पूँजीमा पार्न सक्ने नकारात्मक प्रभावलाई बजार सम्वन्धी जोखिम भनिन्छ । यस अन्तर्गत विदेशी विनिमय सम्बन्धी जोखिम, व्याजदर सम्बन्धी जोखिम, वस्तुको मूल्य सम्बन्धी जोखिम, धितो पत्रको मूल्य सम्बन्धी जोखिम गरी चार प्रकारका जोखिमहरू पर्दछन् । यसमध्ये सबैभन्दा व्यापक र महत्त्वपूर्ण विदेशी मुद्रा सम्बन्धी जोखिम हो । यो जोखिम विदेशी मुद्रा खरीद बिक्री, विदेशी मुद्रामा भएको कर्जा, धितोपत्र, निक्षेप तथा लगानी, Derivatives आदि कारोवारबाट श्रृजना हून्छ । विदेशी विनिमयको अवस्था (Position) लाई अनुगमन गरी मापन र नियन्त्रण गर्न सकिन्छ । यस अन्तर्गत Time zone risk, counterparty risk, settlement risk, soverign risk र country risk पर्दछन् ।

व्याजदरमा हुने परिवर्तनको कारण वित्तीय प्रतिफ़ल तथा पूँजीमा पर्न सक्ने नकारात्मक असर व्याजदर सम्बन्धी जोखिम हो । तत्कालीन असरको रूपमा आम्दानी घटे पनि लामो अवधिमा बैंकको नेटवर्थ, सम्पति, दायित्व र वासलात बाहिरको कारोवारमा संकुचन पैदा हुन्छ । व्याज संवेदनशील शीर्षकहरूको Position मा भएको Mismatch नै यस जोखिमको प्रमुख श्रोत हो ।

## ३. कार्य संचालन सम्वन्धी जोखिम (Operational Risk)

कर्मचारी, प्रकृया तथा प्रणाली र अन्य वाह्य कारणले बैंकको वित्तीय प्रतिफल र पूँजीमा पर्न सक्ने नकारात्मक प्रभावलाई कार्य संचालन सम्वन्धी जोखिम भनिन्छ । यो जोखिमलाई मापन गर्नु कठीन काम हो । कर्मचारीको बदनियतपूर्ण कृयाकलाप, भुल, बैंकको प्रचलित नीति नियम प्रकृयाको अवज्ञा, युनियन गतिविधि, कमजोर आन्तरिक नियन्त्रण प्रणाली, डकैती, Hardware and software failure, आतंक, बाढी, भूकम्प, Money laundering आदि यस जोखिमका श्रोतहरू हुन् ।



Question Bank Nepal

## ४. तरलता सम्बन्धी जोखिम (Liquidity Risk)

आफ्नो सम्पतिलाई उपयुक्त समयमा, उपयुक्त मूल्यमा नगद तथा नगदजन्य सम्पतिमा परविर्तन गर्न नसक्ने संभावनालाई तरलता सम्बन्धी जोखिम भनिन्छ । बैंकिङ व्यवसायको सन्दर्भमा यो प्रमुख जोखिम हो । कर्जा कारोवारमा भएको अनपेक्षित बृद्धि, ठूला निक्षेपकर्ता प्रतिको निर्भरता, दायित्व पूरा गर्न छुट्याएको रकम अपर्याप्त हुनु, त्रूटीपूर्ण सूचना प्रवाह, नाफामा कमी आउनु, वासलात बाहिरको कारोवारमा अनपेक्षित बृद्धि, आम संचारको माध्यमबाट नकारात्मक प्रचारबाजी आदि यस जोखिमका श्रोतहरू हुन् ।

**बैंकिङ व्यवसायमा जोखिम व्यवस्थापन**

जोखिमको पहिचान, मापन, मूल्यांकन, अनुगमन र नियन्त्रण गर्ने वैधानिक र व्यवस्थित प्रक्रियालाई जोखिम व्यवस्थापन भनिन्छ । जोखिम व्यवस्थापन नगरेबापतको लागत व्यवस्थापन गर्दाको लागतभन्दा कैयौं गुणा बढी हुन्छ । जोखिम व्यवस्थापन व्यवसायको प्रकृतिसँग सम्वन्धित हुन्छ । वस्तु उत्पादन गर्ने संस्था, सेवा प्रवाह गर्ने संस्था वा बैंकिङ व्यवसाय गर्ने संस्थामा एकै प्रकारको जोखिम व्यवस्थापनको प्रक्रिया उपयुक्त नहुन सक्छ । कुनै पनि संस्थाको निरन्तरताको लागि, सञ्चालन क्षमता बढाउन, आम्दानीलाई स्थायित्व प्रदान गरी दीगो बृद्धि हासिल गर्न उपयुक्त तरिकाको जोखिम व्यवस्थापन आवश्यक हुन्छ ।

निक्षेप स्वीकार गर्नु र कर्जा प्रवाह गर्नु बैंकका प्रमूख काम हुन् । यस बाहेक बैंकले अन्य प्रकारले वित्तीय मध्यस्थताको काम पनि गर्दछ । व्यवसाय संचालन गर्ने लगानीकर्ता, निक्षेपकर्ताहरू, व्यवस्थापन, नियमनकारी निकायहरू, सरकार यस विषयमा संवेदनशील हुन्छन् । विभिन्न प्रकारका व्यवसायको विस्तार, वित्तीय संस्था तथा कृयाकलापहरूको विश्वव्यापीकरण तथा उदारीकरण, तीव्र गतिमा भएको प्रविधिको विकास, नयाँ नयाँ वित्तीय उपकरणहरूको प्रयोग आदिले बैंक तथा वित्तीय संस्थाहरू बीच प्रतिस्पर्धाको स्तर उच्च बनाउनुका साथै जोखिमयुक्त बनाएको छ । अन्तर्राष्ट्रिय स्तरमा समेत बैंकहरूमा भएका जोखिम र तिनको व्यवस्थापन गर्ने विषयमा बहस तथा अध्ययन अनुसन्धान भएका छन् । त्यसैले जोखिम व्यवस्थापनले एउटा Discipline कै रूप लिएको छ र विश्वव्यापी बनेको छ ।

जोखिमले बैंकको पूँजी, आम्दानी र स्थायित्वमा नकारात्मक प्रभाव निम्त्याउँछ, आम्दानीमा ह्रास, पूँजीको क्षय र अन्य व्यवसायिक उद्देश्य हासिल गर्ने क्षमतामा प्रश्न चिन्ह खडा गर्दछ र उपलब्ध अवसरहरूबाट लाभ लिने काममा अवरोध पुऱ्याउँछ । समग्र बैंकिङ व्यवसायको प्रमुख काम नै जोखिम व्यवस्थापन हो । बैंकहरू जोखिमबाट भाग्दैनन्, जोखिमभित्र अवसरको खोजी गर्छन् । राम्रोसँग व्यवस्थापन गरिएको निश्चित सीमा सम्मको जोखिमले उच्चतम प्रतिफल दिन्छ । जोखिम व्यवस्थापनले बैंकको स्थायित्व र नाफाको सुनिश्चितता दिन्छ, उपलब्ध वित्तीय श्रोत साधनको संरक्षण र उपयुक्त परिचालन हुनुका साथै बैंकको पूँजीको समेत रक्षा हुन्छ ।

Question Bank Nepal

जोखिम व्यवस्थापन सम्वन्धमा 'Managing Risk in The 21st Century' मा Thomas A. Stewart लेख्छन् "The point of risk management isn't to eliminate it; that would eliminate reward. The point is to manage it; that is, to choose where to place bets, where to hedge bets, and where to avoid betting altogether. Though most risk-management tools;insurance, hedging, diversification, etc.;have to do with reducing loss, the goal is to maximize the gains from the risks you take."

**जोखिम व्यवस्थापन रणनीति अन्तर्गत जोखिमलाई स्थानान्तरण** (Transfer), अस्वीकार (Avoid), कम (Reduce) र स्वीकार (Accept) गर्न सकिन्छ । जोखिम व्यवस्थापन विश्वव्यापी भएता पनि कम्पनीको आकार, पूँजी संरचना, कारोवारमा भएको जटिलता, प्राविधिक विशेषज्ञता तथा व्यवस्थापन सूचना प्रणालीको गुणस्तर अनुसार फरक फरक ढंगले लागू गरिन्छ ।

## (६) नेपाल राष्ट्र बैंकले जारी गरेका निर्देशनहरु

**नेपाल राष्ट्र बैंकको एकीकृत निर्देशन,** २०७२

नेपाल राष्ट्र बैंकले सो बैंकबाट इजाजत प्राप्त संस्थाहरुका लागि जारी गरेका विभिन्न निर्देशनहरुलाई समेटेर एकीकृत निर्देशन जारी गर्ने गरेको छ । पछिल्लो पटक २०७२ असार मसान्तसम्म जारी भएका निर्देशन तथा मार्गदर्शनलाई समेटेर परिमार्जित एकीकृति निर्देशिका २०७२ श्रावणमा जारी भएको छ । यसरी एकीकृत निर्देशिका जारी गर्ने क्रम राष्ट्र बैंकले विगत केही वर्ष अगाडि देखि निरन्तर राखेको छ । २०७२ को निर्देशनमा विभिन्न २३ वटा निर्देशनहरु समावेश छन् । जुन निम्नानुसार छन् :

१. न्यूनतम पूँजीकोष सम्बन्धी व्यवस्था
२. कर्जा/सापटको वर्गीकरण र कर्जा नोक्सानी सम्बन्धी व्यवस्था
३. एकल ग्राहक तथा क्षेत्रगत कर्जा सापट र सुविधाको सीमा निर्धारण सम्वन्धी व्यवस्था
४. लेखा नीति तथा वित्तीय बिवरणहरुको ढांचा सम्वन्धी व्यवस्था
५. कारोवारमा निहित जोखिम न्यूनीकरण गर्ने सम्वन्धी व्यवस्था
६. संस्थागत सूशासन सम्बन्धी व्यवस्था
७. सूपरिवेक्षकीय निर्देशन लागू गर्ने कार्य तालिका सम्बन्धी व्यवस्था
८. लगानी सम्बन्धी व्यवस्था
९. तथ्याङ्क विवरण सम्बन्धी व्यवस्था
१०. संस्थापक शेयर नामसारी वा खरीद/बिक्री वा हक हस्तांतरण सम्बन्धी व्यवस्था
११. सह-वित्तीयकरण कर्जा सम्बन्धी व्यवस्था



Question Bank Nepal

१२. कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था
१३. अनिवार्य मौज्दात/वैधानिक तरलता सम्बन्धी व्यवस्था
१४. शाखा/कार्यालय खोल्ने सम्बन्धी व्यवस्था
१५. ब्याजदर सम्बन्धी व्यवस्था
१६. वित्तीय स्रोत संकलन सम्बन्धी व्यवस्था
१७. विपन्न वर्ग तथा तोकिएका उत्पादनशील क्षेत्रमा प्रवाह गर्नु पर्ने कर्जा सम्बन्धी व्यवस्था
१८. स्तरोन्नति हुने, कार्यक्षेत्र विस्तार वा संकूचन तथा गाभ्ने/गाभिने सम्बन्धी व्यवस्था
१९. सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी व्यवस्था
२०. सहायक कम्पनी सम्बन्धी व्यवस्था
२१. इलेक्ट्रोनिक माध्यमबाट हुने बैकिङ्ग (ई-बैकिङ्ग) सेवा सम्बन्धमा
२२. वित्तीय ग्राहक संरक्षण तथा वित्तीय साक्षरता सम्बन्धी व्यवस्था
२३. विविध व्यवस्था सम्बन्धमा

नेपाल राष्ट्र बैंकले यी निर्देशनहरुमा वर्षभरमा हुने परिवर्तन समेत समावेश गरी हरेक वर्ष एकीकृत रुपमा प्रकाशन गर्ने गरेको छ। २०७२ सालमा जारी भएको एकीकृत निर्देशनको मुख्य विषयवस्तुहरु यसै पुस्तकको अन्तिम खण्डमा प्रस्तुत गरिएको छ।

**एकीकृत निर्देशन राष्ट्र बैंकको वेभसाइट http://www.nrb.org.np/bfr/directives मा समेत उपलब्ध छ।**

## (७) पूँजी कोषको स्रोत तथा उपयोग

नेपालका सन्दर्भमा वित्तीय संस्थाहरूलाई पाँच समूहमा वर्गिकरण गर्न सकिन्छ। पहिलो समूहमा केन्द्रीय बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, लघु वित्त विकास बैंक, सीमित बैंकिङ कारोवार गर्ने सहकारी संस्थाहरू र वित्तीय मध्यस्थताको इजाजतप्राप्त गैरसरकारी संस्थाहरुलाई राख्न सकिन्छ। दोस्रो समूहमा नेपाल सरकार, सहकारी विभागबाट स्वीकृति लिएका बचत तथा ऋण सहकारी संस्थाहरूलाई राख्न सकिन्छ। तेस्रो वर्गीकरणभित्र बीमा समितिबाट लाइसेन्स लिएका जीवन र निर्जीवन बिमा कम्पनीहरू पर्दछन्। चौथो समूहमा धितोपत्र बोर्डको नियमन, निरीक्षण र सुपरिवेक्षणमा पर्ने नेप्से, इक्रा नेपाल, CDS (Central Depository System), सामूहिक लगानी कोषजस्ता संस्थालाई राख्न सकिन्छ। त्यस्तै पाँचौं समूहमा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, हुलाक बचत बैंक, ग्रामीण स्वावलम्वन कोष, गरिबी निवारण कोष र निक्षेप तथा कर्जा सुरक्षण निगम जस्ता संस्थालाई राख्न सकिन्छ। यी सवै वर्गीकरण भित्र समावेश हुने वित्तीय संस्थाहरुले वित्तीय मध्यस्थताको कार्य गर्दछन्। वित्तीय मध्यस्थताको अर्थ भनेको आफ्नो आम्दानीबाट रकम बचत गर्न सक्नेहरु (व्यक्ति वा संस्था) ले बैंक तथा वित्तीय संस्थाहरुमा रकम राख्ने र



Question Bank Nepal

सो संकलित रकम जो व्यक्ति वा संस्थालाई आफ्नो कार्यव्यापार संचालन गर्न गराउन आवश्यक पर्ने हो तिनलाई उपलब्ध गराउने कार्य हो । माथि उल्लेखित सवै प्रकारका संस्थाहरुले अर्थतन्त्रमा वित्तीय मध्यस्थताको कार्यहरु गरिरहेको हुन्छन् ।

**कोषका स्रोत**

**१. शेयर पूँजी**

१.१ **साधारण शेयर** : बैकको पूँजी भन्नाले मुख्यतः शेयरधनीहरूले शेयरवापत लगानी गरेको रकम हो । साधारण शेयर भन्नाले शेयरधनीहरूले साधारण शेयरको प्रमाणपत्रमा अंकित मूल्यमा चुक्ता गरेको रकमलाई बुझ्नु पर्दछ ।

१.२ **अग्राधिकार शेयर** : वैंकहरूले निश्चित मात्राको लाभांश दिने हिसावमा अग्राधिकार शेयर जारी गर्ने गर्दछन् । अग्राधिकार शेयर भन्नाले शेयरधनीहरूको हकमा अग्राधिकार भन्ने बुझिन्छ ।

२. **जगेडा तथा कोषहरू** : वैंकले जगेडा कायम गर्ने सिलसिलामा नाफाबाट बाँडफाँड भई आएका वा अन्य कुनै प्रक्रियाबाट सृजना भएका तथा नाफा-नोक्सान हिसावमा बाँडफाँड नगरी संचय गरी राखिएको रकमहरू अन्तर्गत पर्दछन् ।

२.१ **साधारण/वैधानिक जगेडा कोषः** साधारण जगेडा कोष भनेको वैधानिक जगेडा कोष हो । यस अन्तर्गत खुद मुनाफा विनियोजनबाट सारिएको रकम पर्दछ ।

२.२ **पूँजीगत जगेडा कोष** : पूँजीगत जगेडा कोष अर्न्तगत निम्न शीर्षकहरू पर्दछन् ।

**शेयर प्रिमियम** : वैंकले आफ्नो शेयर जारी गर्दा शेयरको अंकित मूल्य भन्दा वढी दरले जारी गरेको रहेछ भने उक्त वढी रकम जतिलाई शेयर प्रिमियम भनिन्छ ।

**पूँजीगत जगेडा** : पूँजीगत जगेडा अन्तरगत चुक्ता नभएको शेयरको बाँकी रकम, माग गर्दा भुक्तानी नगरेको कारणले उक्त शेयरलाई जफत गरी प्राप्त हुन आएको रकम, पूँजीगत अनुदान वापत प्राप्त हुन आएको जिन्सी तथा नगद रकम राखिन्छ ।

**सम्पत्ति पुनर्मूल्याङ्कन जगेडा (Revaluation Reserve):** बैकले सम्पत्तिको पुनर्मूल्याङ्कन गरी सृजना हुन आएको जगेडालाई यस अन्तर्गत राखिन्छ ।

२.३ **लाभांश समीकरण कोषः** लाभांशमा एकरूपता कायम गर्ने उद्देश्यले नाफा भएको अवस्थामा नाफाबाट यस खातामा जम्मा गर्नु पर्दछ । त्यस्तो अवस्थामा संचालक समितिको प्रस्ताव र साधारण सभाको अनुमोदनमा यस खाता खर्च गरी लाभांश दिने गरिन्छ ।

Question Bank Nepal

२.४ **सञ्चित नाफा/नोक्सानः** यस अन्तर्गत नाफा/नोक्सान बाँडफाँड हिसावमा देखिएको सञ्चित नाफा वा सञ्चित नोक्सानलाई देखाउनु पर्दछ ।

२.५ **अन्य जगेडा कोष :** कुनै खास उद्देश्य लिएर वा नलिईकन अन्य कुनै जगेडा कोष (माथि उल्लेखित वाहेक) खडा गरेमा शीर्षक खोली यस अन्तर्गत राख्नु पर्दछ ।

३. **ऋणपत्र तथा वण्ड :** बैंक ले ऋणपत्र तथा बण्ड जारी गरी पूँजी उठाएको भएमा उक्त रकमलाई यस शीर्षक अन्तर्गत सम्वन्धित उपकरणको नाम खुलाई उल्लेख गर्नु पर्नेछ । बैंकहरूलाई लगानीका लागि रकमको आवश्यकता परेका खण्डमा यस्तो प्रकारको ऋणपत्र तथा वण्ड जारी गर्ने गरिन्छ ।

४. **तिर्न बाँकी कर्जा (सापटी):** बैंकले आफूले कर्जा सापट लिई तिर्न बाँकी रहेको कुल रकमलाई यस शीर्षकमा जनाउनु पर्दछ ।

५. **निक्षेप (Deposits):** निक्षेप संकलन गर्ने र कर्जा प्रदान गर्ने वाणिज्य बैंकहरूको आधारभूत क्रियाकलाप हो । निश्चित शर्त पालना गर्ने गरी बैंकद्वारा निक्षेपकर्ताबाट स्वीकार गरिएको रकमलाई निक्षेप भनिन्छ । निक्षेपकर्ताले बैंकमा रकम जम्मा गर्दछन् र बैंकले माग गरिएको बखत वा निश्चित अवधिपछि फिर्ता गर्ने गरी निक्षेप स्वीकार गर्दछन्

५.१ **मुद्दती निक्षेप :** कुनै निश्चित अवधि (सामान्यतया ३ महिना देखि ५ वर्ष) सम्मका लागि व्याज तिर्ने शर्तमा स्वीकार गरिएको निक्षेपलाई मुद्दती निक्षेप भनिन्छ ।

५.२ **बचत निक्षेपः** माग हुनासाथ भुक्तानी गर्ने गरी व्याज तिर्ने शर्तमा स्वीकार गरिएको निक्षेपलाई वचत निक्षेप भनिन्छ ।

५.३ **चल्ती निक्षेपः** व्यापारिक प्रयोजनको लागि राखिने ब्याज नलाग्ने निक्षेपलाई चल्ती निक्षेप भनिन्छ । यस्तो निक्षेप जुनसुकै समयमा पनि निक्षेपकर्ताबाट माग हुने र भुक्तानी दिनु पर्ने हुन सक्छ ।

५.४ **माग गरेको बखत भुक्तानी दिनुपर्ने निक्षेपः** यो ब्याज लाग्ने निक्षेप हो जसलाई छोटो अवधिको ग्राहकले मागेको बेला फिर्ता गर्ने गरी बैंक, वित्तीय संस्था र अन्य यस्तै संगठित संस्थाबाट स्वीकार गरेका हुन्छन् ।

५.५ **निक्षेप प्रमाणपत्र :** यो ब्याज लाग्ने त्यस्तो हस्तान्तरण योग्य प्रमाणपत्र हो । जसको भुक्तानी अवधि सामान्यतया एक वर्षको हुन्छ । निक्षेप प्रमाणपत्र अंकित मूल्यमा छुट जारी गरिएको हुन्छ जसमा जारी गर्ने र लगानी गर्ने पक्ष बीच द्विपक्षीय समझदारी अनुसार तय भएको दरमा छुट निर्धारण गर्ने गरिन्छ ।

Question Bank Nepal

५.६ **मार्जिन निक्षेप** : प्रतीतपत्र खोल्दा वा बैंक जमानत जारी गर्दा राखिने मार्जिन रकमलाई मार्जिन निक्षेप भनिन्छ ।

५.७ **कर्मचारी जमानत निक्षेप** : बैंकको नियमानुसार खजाञ्ची/गणक जस्तो कर्मचारीबाट जमानतको रूपमा राखिने निक्षेपलाई कर्मचारी जमानत निक्षेप भनिन्छ । यस्तो निक्षेप सामान्यतया लामो समयसम्म रहने भएको हुनाले यस्तो निक्षेपको लागि ब्याजको व्यवस्था गरिएको हुन्छ र मुद्दती निक्षेप सरह लेखाङ्कन गरिन्छ ।

यस अतिरिक्त भुक्तानी दिनुपर्ने विल (ड्राफ्ट, टी.टी, मेल ट्रान्सफर, पे-अर्डर, डिस्काउन्ट विल आदि), भुक्तानी दिन बाँकी लाभांश, आयकर, बोनस, निक्षेपमा भुक्तानी दिन बाँकी ब्याज, पाकी नसकेको कमिशन, सण्ड्री क्रेडिटर्स (संस्थाको दैनिक काम कारवाहीका सिलसिलामा भुक्तानी दिनु पर्ने तर अन्य शीर्षक अन्तरगत नपर्ने दायित्वहरु) समेत कोषका स्रोत वास्तवमा चालु दायित्व हुन् । दायित्व जबसम्म चुक्ता गरिँदैन अल्पकालमा तिनीहरू पनि एकहद सम्म स्रोतको रूपमा उपयोग भइरहेका हुन्छन् ।

**कोषको श्रोत र उपयोग**

| | | | |
|---|---|---|---|
| C = capital | 5% | C = Cash | 2% |
| R = Reserves | 3% | B = Bank Balances | 5% |
| B = Borrowings | 10% | I = Investments | 10% |
| D = Deposit | 72% | A = Advances | 73% |
| B = Bills Payables | 5% | F = Fixed Assest | 5% |
| O = Others | 5% | O = Others | 5% |
| **Total** | **100** | **Total** | **100** |

**कोषको उपयोग**

१. **नगद मौज्दात**

बैंकहरूले आफ्नो दैनिक कार्य संचालनका लागि आवश्यक पर्ने न्यूनतम रकम आफैसँग राख्नु पर्दछ । यो रकम नगदको रूपमा नै रहने गर्दछ । निक्षेपकर्ताको माग बमोजिम तुरुन्त भुक्तान गर्नुपर्ने हुँदा बैंकले आफूसँग निश्चित नगद मौज्दात राखिरहनु पर्दछ ।

२. **नेपाल राष्ट्र बैंकमा रहने मौज्दात**

बैंकहरूले आफूले संकलन गरेको निक्षेपको निश्चित रकम नेपाल राष्ट्र बैंकमा जम्मा गर्नु पर्दछ । नेपाल राष्ट्र बैंकले समय समयमा जारी गरेको निर्देशन बमोजिम यस्तो रकम राख्नु पर्दछ ।

Question Bank Nepal

३. **बैंक तथा वित्तीय संस्थामा रहेको रकम**

बैंकहरूले कारोबारलाई सहज पार्नको लागि अन्य बैंक तथा वित्तीय संस्थामा आफ्नो खाता खोली रकम जम्मा गरेका हुन्छन्। कोषको केही स्रोत यस्ता बैंकहरूमा पनि उपभोग भइरहेको हुन्छ।

४. **मागेको बखत अल्प सूचनामा प्राप्त हुने नगद जन्य रकम**

अल्प सूचनाका आधारमा आफूले मागेको बखत नगद तथा नगदको रूपमा प्राप्त गर्न सकिने त्यस्ता क्षेत्रमा बैंकले आफ्नो कोषलाई अत्यधिक उपभोग गरी अल्प समयको लागि लगानी गरेको हुन्छ। त्यस्ता रकम मागेको बखत कुनै पनि समयमा बैंकमा जम्मा हुन्छन्।

५. **कर्जा तथा सापट**

बैंकहरूको प्रमुख कार्य कर्जा र सापटी प्रदान गर्नु हो। बैंकको अधिकतम स्रोतहरूको उपयोग, कर्जा सापटीमा लगानी गर्ने हुनाले यो नै बैंकको मुख्य सम्पत्तिको रूपमा रहेको हुन्छ। यस्ता कर्जा तथा सापटी अधिविकर्ष, टी. आर. कर्जा, हाइपोथिकेशन, धितो कर्जा, एओसी कर्जा, परियोजना कर्जा, आवधिक कर्जा, ब्रिजग्याप कर्जा, प्याकिङ क्रेडिट कर्जा, प्राथमिकता प्राप्त कर्जा, विपन्न वर्ग कर्जा, विभिन्न उपभोक्ता कर्जा (सुनचाँदी कर्जा, आवास, सवारी, शैक्षिक, वैदेशिक रोजगारी कर्जा आदि) हायरपर्चेज कर्जा, विभिन्न जमानत कर्जा हुन्छन्। बैंक तथा वित्तीय संस्थाका स्रोतको सर्वाधिक उपयोग यी र यस्तै कर्जा तथा सापटीका अनेकन शिर्षकहरुमा भइरहेको हुन्छ।

यस अतिरिक्त बैंक तथा वित्तीय संस्थाका कोषको उपयोग स्थिर सम्पत्ति (जस्तैः घर, जग्गा, फर्निचर तथा फिक्सचार्स, कार्यालय उपकरण, सवारी साधन, कम्प्युटर, पट्टा सम्पत्ति, अदृश्य सम्पत्ति, पूँजीगत निर्माण खर्च...), गैर बैंकिङ्ग सम्पत्ति, लगानी (आय आर्जनका निमित्त शेयर, ऋणपत्र, धितोपत्र आदिमा गरिने लगानी), बोनस शेयर, हकप्रद शेयर, ट्रेजरी विल, अन्य सम्पत्ति (स्टेशनरी, कर्मचारी कर्जा, कर्मचारी सापटी, धरौटी, विना सूचना भुक्तानी ड्राफ्ट, मार्गस्थ हिसाव, अग्रिम आयकर, सन्ड्री डेटर्स आदि) मा भइरहेको हुन्छ। यस प्रकार बैंक तथा वित्तीय संस्थाहरुले माथि उल्लेख गरिएका अनेकन शीर्षक अन्तरगत अनकेन नामक कोषको संकलन गरी गराई तिनैलाई अनेकन नामक शीर्षकमा उपयोग गरिरहेका हुन्छन्।

## (ट) नगद प्रवाह विवरण (Cash flow statement)

व्यवसायको वासलात र आय विवरणमा रहने नगद तथा नगद सरहका सम्पत्तिहरूमा आउने परिवर्तनलाई प्रस्तुत गर्ने वित्तीय विवरणलाई नै नगद प्रवाह विवरण (Cash flow statement) का रुपमा वुझ्ने गरिन्छ। नगद प्रवाह विवरण (Cash flow statement) लाई पहिले Flow of cash statement का रुपमा चिन्ने गरिन्थ्यो। संस्थाको नगद



Question Bank Nepal